"सिरीजङ्गाको गौरव, कन्चनजङ्गा"

# सिरीजङ्गा राजपत्र

सिरीजङ्गा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ २५ गते २०८० साल (संख्या०३

## भाग १

सिरीजङ्गा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्गा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०३

# सिरीजङ्घा गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संचालन ) कार्यविधि, २०८०

**प्रमाणीकरण मितिः २०८०।०३।२४**

**प्रस्तावना:** लैङ्गिक हिंसा निवारणका लागी कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोश्रो संशोधन) नियमावली, २०७६ को दफा ३(ख) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाले लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८० निर्माण गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम सिरीजङ्घा गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) कार्यालय भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय बुझ्नुपर्नेछ ।

(ख) कोष भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्नेछ ।

(ग) पिडित भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनुपर्नेछ ।

(घ) लैङ्गिक हिंसा भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यहार, सामाजिक कुरितीजन्य व्यवहार लगायतका लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ।

(ङ) राहात समिति भन्नाले यस कार्यविधिको दफा (११) बमोजिमको राहात तथा आर्थिक सहायता सहयोग समिति समझनुपर्नेछ ।

३. **कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजमको रकमहरु रहनेछन।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी, व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(ङ) गाउँ कार्यपालिकाबाट विनियोजित रकम ।

(३) दफा (१) बमोजिमको रकम **"क"** वर्गको वाणिज्य वैङ्कमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४कोषमा रकम जम्मा गर्नेः .** महिला हकहितका क्षेत्रमा यस गाउँपालिका भित्र कार्य गर्ने संघ संस्थाहरुले यस कोषमा आवश्यक सहयोग गर्नु पर्नेछ र गाउँ कार्यपालिकाले समेत उक्त कोष संचालनको वार्षिक रुपमा तोके वमोजिमको प्रतिशत बराबरको रकममा नघटाइ कोषको लागी छुट्याउने छ र उक्त कोषको लागी तोकेको नेपाल सरकार प्राप्त अनुदान समेत यस कोषमा जम्मा गरिनेछ ।

**५) कोषको उपयोगः** (१)कोष रकम देहायको कामको लागी पिडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) कानूनी सहायता प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कुनै व्यवसाय गर्नका लागी विउँ पूँजी (सिड पूँजीको) को रुपमा उपलब्ध गराउन

(ङ) पुन: स्थापना गराउन

(च) पिडितका लागी संचालक समितिले तोकेवमोजिमको अन्य काममा।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि संचालक समितिले लैङ्गिक हिंसाबाट पिडित वालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भइ लागू पर्दाथको दुव्यसनमा फसेको वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा खर्च गर्ने नसकिने** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैंन्।

२) उपदफा १ मा जुनसुकै कूरा लेखीएको भएतापनि संचालक समिति र राहात समितिको सचिवालय तथा वैठक संचालन गर्न लाग्ने खर्चका लागी कोषको रकम उपयोग गर्न सकिनेछ।

**७ संचालक समिति गठनः.**(१) कोषको संचालन, व्यवस्थापन तथा राहात वितरण गर्ने काम समेतका लागी एक कोष संचालक समिति राहात समिति रहनेछ ।

(२) संचालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| ख. | सामाजिक विकास समिति प्रमुख | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

| | | |
|---|---|---|
| घ. | कार्यपालिका सदस्य मध्धेबाट २ जना महिला | सदस्य |
| ङ | लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्धेबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि एकजना | सदस्य |
| च | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(३) संचालक समितिको वैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) संचालक समितिको सचिवालय गाउँपालिकाको महिला तथा वालवालिका शाखामा रहनेछ ।

८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिममा हुनेछ ।

(क) लैङ्गिक हिंसा निवारणका सम्बन्धमा गाउँपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमका लागी कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनु,

(ग) राहात समितिको काम कारवाहीको अनुगमन गर्ने गराउने,

(घ) नगरपालिका भित्र लैङ्गिक हिंसा सम्बन्धि घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) शिपमूलक तालिम प्राप्त पिडितलाई पुँजी (सिड मनि) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाइ लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने निकाय वा संस्था सँग सम्बन्वय गर्ने,

(छ) कोष वृद्धिका लागी श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धि अन्य काम गर्ने गराउने,

**९ राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस कार्यविधि बमोजिम पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नवढ्ने गरी उपलब्ध गराइनेछ ।

(क) तत्काल पिडित लाई उद्धार गर्न सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रति दिन तिन सय रुपैंया र वास वस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैंयाका दरले वढीमा पच्चिस सय रुपैंया ।

(ख) पिडितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पतालमा आउँदा . जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारीसाधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खाजा वापत

प्रतिदिन दुइ सय पचास रुपैंया अस्पतालमा वस्न व्यवस्था नभइ वाहिर वस्न परेमा वढीमा तिन दिनको वास खर्च वापत प्रतिदिन पाँच सय रुपैंया र उपचार खर्च समेत गरी वढीमा पाँच हजार रुपैंया ।

(ग)कानूनी सहायता मनौवैज्ञानीक उपचार वा मनोविमर्शका लागी तिस हजार रुपैंया नवढ्ने गरी . लागेको यर्थाथ खर्च

(कुनै व्यवसाय गर्नका लागी विउँ पुजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी वढीमा प्रन्ध . हजार रुपैंया ।

(ङ). पुन स्थापनाका लागी वढीमा पाँच हजार रुपैंया ।

**१०. राहात तथा आर्थिक सहयोग प्राप्त गर्ने निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम राहात तथा आर्थिक सहयोग प्राप्त गर्न चाहाने पिडित वा सरोकारवाला व्यक्तिले राहात तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई कार्यलयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन जाँचवुझ गर्दा पिडितलाई राहात तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहात समितिले दफा ३ को अधिनमा रहि पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११ तत्काल उपलब्ध गराउन सक्नेः .**(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्वार औषधी उपचार पुर्नस्थापना वा राहात तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिरता मानविय क्षति हुने देखिएमा संचालक समितिका अध्यक्षले सो प्रयोजनका लागी कोषबाट दस हजार नवढने गरी मनासिव रकम पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पिडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी उपलब्ध गराईए पछि वस्ने संचालक समितिको वैठकमा सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१२ थप रकम निकासा माग गर्ने सक्नेः .**(१) गाउँपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा संचालक समितिले सोको कारण खुलाई गाउँपालिका सँग थप रकम माग गर्न सक्नेछ ।

**१३ कोषको लेखा र लेखापरिक्षणः .**(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२)कोषको लेखापरिक्षण महालेखापरिक्षकबाट हुनेछ । .

**१४ प्रतिवेदन पेश गर्ने (**१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यापालिकामा पेश गर्नुपर्ने छ ।

(२) संचालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

(३) गाउँपालिकाले उपदफा २ बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नेछ ।

**१५बैठक भत्ताः.** संचालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको वैठकमा भाग लिए वापत कोषको अवस्था हेरी गाउँपालिकाले तोके वमोजिमको रकम वैठक भत्ता वापत पाउनेछन।

**१६निर्देशन दिन सक्नेः .** गाउँ कार्यपालिकाले संचालक समितिका काम कारवाहि सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

**१७) समितिबाट भए गरेका कामको अनुमोदनः** यस कार्यविधि बमोजिम समितिले गरेका सम्पूर्ण काम कारवाही कार्यपालिकाको वैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

**१८) कार्यविधिमा संशोधन र व्याख्याः** यो कार्यविधिमा उल्लेख भएका विषयहरुमा थप व्याख्या र संशोधन र हेरफेर गर्नुपरेमा कार्यपालिकाबाट गर्न सकिनेछ ।

**आज्ञाले,**
**श्री स्काइ पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**